बेनी नगरपालिका, म्याग्दी

नगर कार्यपालिकाको बैठक

२०८०।०६।३०

निर्णयहरू

१. बेनी नगरपालिका, नगर कार्यपालिकाको गत बैठकले गरेका निर्णयहरूको समीक्षा गरियो । नगर कार्यपालिकाको कार्यालयले गत भदौ महीनामा गरेका सबै भुक्तानीहरूलाई अनुमोदन गर्ने ।

२. २०८० सालको बडा दशैं, तिहार तथा अन्य चाडपर्वहरूको पूर्वसन्ध्यामा नगरपालिकाको तर्फबाट शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गर्ने । सो कार्यका लागि देहायबमोजिमको कार्यक्रम संयोजन समिति गठन गर्ने ।

देहाय

शुभकामना आदानप्रदान संयोजन समितिको गठन विवरण

a. श्री रमेशकुमार श्रेष्ठ- प्रवक्ता संयोजक
b. श्री उत्तमकुमार कर्मचार्य- वडा अध्यक्ष सदस्य
c. श्री युवराज थापा- अधिकृत सातौं सदस्य सचिव

३. बेनी नगरपालिका वडा नं. ४ सिंगामा निर्माणसम्पन्न भएको कोल्डस्टोरको प्राविधिकको बीलबमोजिमको रकम रू.१३९०८३०६/६३ निर्माण कम्पनी श्री राजेशबाबु निर्माण सेवा लाई भुक्तानी दिनेगरी स्वीकृत गर्ने । उल्लिखित बमोजिमको अन्तिम बीलबमोजिमको रकममध्ये मोबलाईजेशन र रनिङ बील भुक्तानी भईसकेको रकम रू. ८३१०९४५ घटाइ सो कम्पनीलाई बाँकी रकम रू. ४९९७३६० आजैका निर्णय बमोजिम अन्तिम भुक्तानी गर्ने र सोधभर्नाको लागि नेपाल सरकार अर्थ मन्त्रालयमा लेखी पठाउने ।

४. यसवर्षको वर्षायाममा वडास्तरमा सडक सरसफाई तथा पहिरो पन्छाउनेसमेत विपद्जन्य व्यवस्थापनमा सम्बन्धित वडाअध्यक्षबाट प्रमाणित भई आएको र प्राविधिक शाखाबाट बील तयार भएको रकम रू. २५५८४७३ सरसफाई कार्यमा सरिक फर्म श्री श्रमजीवी निर्माण सेवा लाई भुक्तानी गर्ने ।

५. यस वर्षको चाडपर्वहरूको पूर्व सन्ध्यामा कारागार कार्यालयल, म्याग्दीमा रहेका कैदीबन्दिहरूलाई चाडपर्व मनाउनको लागि यसै दशैमा रू. ३००००/- बराबर नगदै वा सो रकम बराबरको खसी वोका उपलब्ध गराउने ।

६. म्याग्दी जेसीजले आयोजना गरेको क्षेत्र "ख" सम्मेलनको आयोजनाको लागि चालू आर्थिक वर्षमा विनियोजन भएको बजेटमध्येबाटै सो संस्थाले माग गरेको रकम रूपैया तीन लाख भुक्तानी गर्ने ।

७. आप्रवासी केन्द्र सञ्चालनको लागि तलबभत्ता वापत रू. एकलाख जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने ।

८. यसै कार्यालयमा कार्यरत सहायकस्तर पाँचौं तहका वडा सचिव श्री राजाराम शर्माको कार्यरत नै रहँदा मृत्यु भएकाले निजको सञ्चित विदा, औषधोपचार तथा उपदानवापत हुने कूल रकम कार्यालयले हिसाव गरी बेनी नगरपालिकाको कर्मचारी कल्याण कोषबाट हकवालालाई भुक्तानी दिने । कल्याण

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी. नगर प्रमुख

कोषमा रकम अपुग रहेमा हालको लागि अपुग रकम सञ्चित कोषबाट जम्मा गरी भुक्तानी दिने । रकम भुक्तानी गर्दा प्रचलित कानूनले तोकेभन्दा बढी नहुनेगरी गर्ने ।

९. आर्थिक वर्ष ०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संलग्न सूचीबमोजिमका आयोजनाहरू स्वीकृत गरी कार्यान्वयन प्रकृया थालनी गर्ने ।

१०. मृगौलाको प्रत्यारोपण गरेका/ डायलाइसिस गराइरहेका/ क्यान्सर रोगी/ मेरूदण्ड पक्षघात भएका व्यक्तिहरूलाई मासिक औषधी उपचार वापत उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस नगरपालिका अन्तर्गत रहेका उल्लिखित बमोजिमका दीर्घरोगीहरूको लागि नेपाल सरकारबाट पछि सोधभर्ना हुनेगरी हाललाई स्वास्थ्य शाखाबाट पेश भएबमोजिम रोगीहरूको व्यक्तिगत बैंक खातामा चालू आर्थिक वर्षको प्रथम तीन महिनाको जम्मा रू. ७५५०००/- भुक्तानी गर्ने ।

११. जिल्ला खेलकूद विकास समिति म्याग्दीलाई म्याट खरिद गरेवापत अधिकतम् रूपैयाँ दुई लाख भुक्तानी गर्ने ।

१२. यस नगरपालिका अन्तर्गत रहेका सबै वडाहरूमा चालू आर्थिक वर्षको बजेटबाट कार्यान्वयन हुनेगरी नमूना परियोजना निर्माण गर्नको लागि सम्बन्धित वडाबाट प्राथमिकता निर्धारण गरेबमोजिम हालको लागि एक एक वटा परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।

-0-

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरेत के.सी.
नगर प्रमुख

| आ.व. ०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालन गरिने योजनाहरु (नेपाल सरकार) | | | | | | |
|---|---|---|---|---|---|---|
| क.स. | योजनाको नाम | वडा नं. | बिनियोजित रकम | सूचीकृत वेरोजगार व्यक्तीको संख्या | उपलब्ध हुने रोजगारी संख्या (१०० दिन) | कैफियत |
| रोजगारी सृजना (नेपाल सरकार) | | | | | | |
| १ | अर्जम पुराङ्गी धारा देखि ज्ञानपुञ्ज मोटरबाटो सोलिङ्ग योजना | १ | २११,२००.०० | १०१ | ३ | |
| २ | बरको बोट देखि सहरेपानी सालघारी सम्म मोटरबाटो सोलिङ्ग योजना | | १४०,८००.०० | | २ | |
| ३ | दारिमबोट भिरकुना सडक सोलिङ्ग योजना | २ | २११,२००.०० | ३४ | ३ | |
| ४ | जयन्ती मा.वि., भकिम्ली बहुउद्देश्यिय सामुदायिक भवन, सिन्धुला पदमार्ग निर्माण योजना | ३ | २८१,६००.०० | १०७ | ४ | |
| ५ | जिम्वाल चौतारी देखी धैरेनी सम्म पदमार्ग निर्माण योजना | ४ | २११,२००.०० | ५३ | ३ | |
| ६ | कमेरेपानी रिठारुख मोटरबाटो मर्मत योजना | ५ | २८१,६००.०० | २७८ | ४ | |
| ७ | नयाँ गाउँ गाजने मोटरबाटो सोलिङ्ग योजना | | २११,२००.०० | | ३ | |
| ८ | पुरुण्डे पछै पदमार्ग निर्माण, योजना | | १४०,८००.०० | | २ | |
| ९ | खरेनी तल्लो जामुनाखर्क भगवति मन्दिर उपल्लो जामुनाखर्क हुँदै गुफ्फा नेपाने गौरेटो बाटो निर्माण योजना | ६ | ३०७,४००.०० | ९० | ४.५ | |
| १० | बराहपाखो पदमार्ग निर्माण योजना | ७ | १४०,८००.०० | २ | २ | |
| ११ | खोरिया हुँदै तल्लोपानी घुम्ती मोटरबाटो मर्मत योजना | ८ | १४०,८००.०० | ११ | २ | |
| १२ | घताना पदमार्ग निर्माण योजना | ९ | २४६,४००.०० | २०९ | ६.५ | |
| १३ | तिनमान्य कुवागैरा पदमार्ग निर्माण योजना | | २११,२००.०० | | | |
| १४ | विद्योदय आ. बि. देखि भिरटाउको सम्म पदमार्ग निर्माण योजना | १० | १४०,८००.०० | २८ | २ | |
| | जम्मा | | २,८७७,०००.०० | ९१३ | ४१ | |

सुरत के.सी.
नगर प्रमुख